# अन्नपुर्ण गाउँपालिको विनियोजन विधेयक

अन्नपुर्ण गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यक्रमहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक ,

**प्रस्तावना :–**

अन्नपूर्ण गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) वमोजिम अन्नपूर्ण गाउँपालिकाको गाँउ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :–**

(१) यस ऐनको नाम **"अन्नपूर्ण गाउँपालिकाको विनियोजन ऐन २०७७"** रहेको छ ।

## २. आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :–

(१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची (१) मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४०,९४,२६,०००/–(अक्षरुपी चालिस करोड चौरानब्बे लाख छब्बीस हजार रुपैयाँ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :–**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक बर्ष २०७७/०७८ मा खर्च गर्ने गरी गाउँ कार्यपालिका,वडा कार्यालयबाट सञ्चालित हुने योजना तथा कार्यकम र बिषयगत शाखाले गर्ने सेबा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२ )कार्यपालिकाले स्वीकतृ बजटेको कुनै एक बजेट उप शीषर्क अन्तर्गतको खर्च शीर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम कुनै एक वा एक भन्दा बढी शीर्षकमा बचत हुने रकमबाट २५ प्रतिशतमा नबढने गरी रकमान्तर गर्न सक्नेछ । तर पूँजीगत शीर्षकबाट चालू शीर्षकमा रकमान्तर गर्न सक्ने छैन ।

क्या. डम्बहादुर गर्बुजा पुन
गाउँपालिका अध्यक्ष

अनुसूची १

दफा २ संग सम्बन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट विनियोजन हुने रकम रु.

| क.सं | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूंजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाँउकार्यपालिकाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु | ७,१६,२०,०००। (१७.४९%) | १३,३६,०६,०००। (३२.६३%) | | २०,५२,२६,०००। |
| २ | | ऋणको सावा ब्याज भूक्तानी | ० | ० | ० | ० |
| ३ | | लगानी (शेयर ऋण) | ० | ० | ० | ० |
| ४ | | सर्शत अनूदान तोकिएको शिर्षक अनुसार खर्च हुने | २०,४२,००,०००। | | | २०,४२,००,०००। |
| जम्मा | | | ७,१६,२०,०००। | १३,३६,०६,०००। | | ४०,९४,२६,०००। |

त्यस्तै अन्य निकाय संघ सस्था, निकाय बा क्षेत्रबाट निर्धारित क्षेत्रमा तोकिइ प्राप्त हुन आएका सामाजिक उत्तरदायित्वका रकमहरु, नेपाल सरकार तथा प्रदेश सरकारबाट समपुरक, विशेष अनुदानमा थप प्राप्त हुन आएका योजना तथा कार्यक्रमहरु तोकिए बमोजिम नै खर्च गरिने छ ।

अध्यक्ष
गाउँपालिका अध्यक्ष